# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, भदौ २२ गते २०६० साल (अतिरिक्ताङ्क २८ (क+२)

## भाग ३

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी कमैया कार्यक्रम लागू भएका दाङ, बाँके बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा कमैयाहरूलाई उपलब्ध गराउन दर्ता भइसकेका जग्गाको दर्ता सच्याउने, ताप्लेजुङ्ग, झापा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ्ग, सुनसरी, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, सप्तरी, सिराहा, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, चितवन, मकवानपुर, नुवाकोट, धादिङ्ग, गोरखा, लमजुङ्ग, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, बागलुङ्ग, मुस्ताङ, नवलपरासी, रुपन्देही, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा, दाङ, बर्दिया, सुर्खेत, कालीकोट, कैलाली र कञ्चनपुर, जिल्लाहरूमा सुकुम्बासी समस्या समाधान आयोगले गरेका निर्णय कार्यान्वयन गर्ने र अधिराज्यका स्ववासी, गाउँ ब्लक तथा आँकडा जग्गा दर्ता गर्ने प्रयोजनको लागि देहायबमोजिमको जिल्ला समिति गठन गरी काम, कर्तव्य र अधिकार तोकेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. समितिको गठनः समितिमा देहायबमोजिमका संयोजक र सदस्यहरू रहने छन्ः–

(क) प्रमुख जिल्ला अधिकारी –संयोजक

(ख) जिल्ला विकास समितिका प्रतिनिधि –सदस्य

(ग) जिल्ला वन अधिकृत –सदस्य

(घ) नापी गोश्वारा रहेको जिल्लामा गोश्वारा प्रमुख र अन्य जिल्लामा नापी शाखा प्रमुख –सदस्य

(ङ) कमैया र सुकुम्बासीसम्बन्धी जग्गा दर्ताको लागि जिल्ला भूमिसुधार अधिकारी तथा आँकडा, स्ववासी र गाउँ ब्लक जग्गा दर्ताको लागि मालपोत कार्यालयको प्रमुख –सदस्य-सचिव

२. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) २०५६ सालमा गठन भएको सुकुम्वासी समस्या समाधान आयोग अन्तर्गत गठन भएका जिल्ला समितिहरूले सुकुम्वासी तथा अव्यवस्थित बसोवासीका नाममा रीतपूर्वक नापनक्शा गरी क्षेत्रीय किताब तयार गरी समितिको बैठकले जग्गाको कित्ता नं. समेत उल्लेख गरी जग्गा दर्ता गर्ने निर्णय गरी सुकुम्बासी समस्या समाधान आयोगले अनुमोदन समेत गरिसकेका जग्गाको भोग तथा अवस्था समेत बुझी त्यस्ता निर्णय कार्यान्वयन गर्ने ।

(ख) २०५६ सालभन्दा अघि गठन भएका सुकुम्वासी समस्या समाधान आयोग तथा वन क्षेत्र सुदृढीकरण आयोगले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका नाममा नापनक्शा गरी क्षेत्रीय किताब खडा गरेर कित्ता नं. समेत उल्लेख गरी दर्ता गर्ने निर्णय गरेका तर नक्सा श्रेस्ता प्रमाणित गर्न बाँकी रहेकाहरूको हकमा समेत भोग तथा जग्गाको अवस्था समेत बुझी दर्ता गर्न उपयुक्त देखिएमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको स्वीकृति लिई निर्णय कार्यान्वयन गर्ने ।

(ग) मुक्त कमैयाहरूलाई श्री ५ को सरकारले वितरण गरेका जग्गामध्ये कुनै जग्गा वालवुर्ज भएका वा नदी कटानमा पर्ने वा परेको अवस्था देखिन आएमा वा साविकका भोगवालाको घरवासका जग्गा भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा अदालती कारवाही वा अन्य कुनै कारणले जग्गा पाउने कमैयाले भोग गर्न नसक्ने अवस्था देखेमा त्यस्ता जग्गाको सट्टा उपयुक्त एवं अनुकूल जग्गा छनौट गरी साविकबमोजिम प्रति परिवार बढीमा ५ कट्ठासम्म जग्गा उपलब्ध गराई दर्ता संशोधन गरी सच्याउने ।

(घ) सरकारी ऐलानी पर्तीमा घर गरी बसेका मुक्त कमैयाहरूलाई उनीहरू बसेको जग्गा दर्ता गरी दिने नीति अनुसार गत वर्ष दर्ता गर्दा उनीहरूले भोगेको जग्गा नै कम भएकोले केही व्यक्तिलाई साह्रै कम जग्गा दर्ता हुन गएको हुँदा त्यस्ता अत्यन्त न्यून जग्गा दर्ता भएका व्यक्तिलाई औचित्य हेरी ५ कट्ठामा नबढ्ने गरी थपेर जग्गा उपलब्ध गराउने ।

(ङ) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको अधिनमा रही कमैया पुनर्स्थापना कार्यक्रम सञ्चालन भएका ५ जिल्लाहरूमा श्री ५ को सरकारका नाउँमा दर्ता भएका वा त्यस्तो दर्ता हुने प्रकृतिका शुरू नापी हुँदाको अवस्थाको नक्सामा वन भनी उल्लेख भएका तर बन विनाश भै धेरै वर्षदेखि सुकुम्वासी तथा अव्यवस्थित बसोबासीले भोग चलन तथा बसोबास गरिरहेका, हाल कायम रहेको वनको सिमाना भित्र नपर्ने सरकारी जग्गाबाट आधा जग्गा झिकी पुनर्स्थापना गर्नुपर्ने मुक्त कमैयाका नाउँमा दर्ता गरिदिने र त्यसै अनुपातमा आधा जग्गा भोगवाला सुकुम्वासी तथा अव्यवस्थित बसोबासीका नाउँमा पनि दर्ता गरिदिने ।

(च) आँकडा सम्बन्धी दर्ता गर्न बाँकी जग्गा सम्बन्धमा आवश्यक छानविन गरी त्यस्ता जग्गा दर्ता गर्ने ।

(छ) २०३४ सालभन्दा अघि स्ववासीको रूपमा भोग गरिरहेका तर नाप नक्सा दर्ता हुन बाँकी रहेका त्यस्ता स्ववासी घर जनिएका कित्ता जग्गा र गाउँ ब्लकका कित्ताकाट भै दर्ता हुन बाँकी रहेका घरजग्गा भोगका आधारमा दर्ता गरिदिने ।

(ज) विगतमा गठन भएका सुकुम्बासी समस्या समाधान आयोग, सो अन्तर्गतका समिति तथा वन क्षेत्र सुदृढीकरण आयोगले दर्ता गरेका जग्गा दोहोरो दर्ता वा भोगवाला भन्दा अलग्गै व्यक्तिका नाममा गरेको दर्ता जस्ता त्रुटिपूर्ण देखिएका दर्ताहरू भूमिसुधार तथा व्यवस्था मन्त्रालयको स्वीकृति लिएर बदर समेत गर्न सक्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको निर्णय अनुसारको जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी प्रमाण पूर्जा सदस्य-सचिवले प्रमाणित गरी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

३. अधिकार प्रत्यायोजनः श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी समितिलाई जग्गा नाप जाँच ऐन, २०१९, जग्गा नाप जाँच नियमावली, २०५८, मालपोत ऐन, २०३४ मालपोत नियमावली, २०३६, झोराक्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ र वन ऐन, २०४९ ले व्यवस्था गरेका जग्गा दर्ता सम्बन्धी अधिकार प्रत्यायोजन गरेको छ ।

४. कर्मचारी सम्बन्धी व्यवस्थाः समितिलाई आवश्यक पर्ने कर्मचारीहरू भूमि-सुधार तथा व्यवस्था मन्त्रालयले काजमा उपलब्ध गराउनेछ ।

५. समितिको कार्यावधिः समितिको कार्यावधि १ वर्षको हुनेछ ।

आज्ञाले,
टिकादत्त निरौला
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।